# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/२० गते

### प्रेस विज्ञप्ति



अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आज मिति २०७४।०३।२० का दिन नेपाल सरकारका विभिन्न निर्माण सम्बद्ध मंत्रालयहरूसंग ती निकायहरू मार्फत संचालन गरिने आयोजनाहरूको प्रभावकारीता सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरियो ।

छलफलका क्रममा आयोजना कार्यान्वयनका क्रममा आईपर्ने विभिन्न किसिमका उजुरीहरू र तीनको न्यूनिकरणका लागि के कसरी अगाडि बढ्ने र सम्बन्धित मंत्रालयहरुले यसतर्फ के कस्ता निरोधात्मक उपायहरू अवलम्बन गरी रहेको छ भन्ने बारेमा वृहत छलफल भएको थियो । छलफलको अन्त्यमा माननीय प्रमुख आयुक्तज्यूबाट आयोजनाहरूलाई प्रभावकारी बनाउन र दिगोपना कायम राख्न आयोजना प्रमुखहरुनै मुख्य रुपमा जिम्मेवार हुने भएकोले त्यसतर्फ ध्यानाकर्षण गराउँदै विकास निर्माणका कार्यमा आईपर्ने विचलन कम गर्नका लागि अन्तर निकाय समन्वयमा जोड दिंदै विकास निर्माण कार्यको गुणस्तर कायम गर्न आयोजना प्रमुखहरू स्वयंनै सतर्क रहनु पर्ने कुरामा विशेष जोड दिनुहुंदै आगामी वर्षमा यस्ता उजुरीहरूको न्यूनिकरण गर्ने कार्यमा विभागीय प्रमुखहरूको सक्रियताको अपेक्षा गर्नुभयो । यसका साथै विकास निर्माणका सकारात्मक क्रियाकलापहरूमा आयोगको सहयोगी भूमिका आगामी वर्षमा समेत निरन्तर हुनेतर्फ स्पष्ट पार्नु भएको थियो । उक्त कार्यक्रममा आयोगका माननीय आयुक्तज्यूहरू श्री नविन कुमार घिमिरे, डा. श्री गणेशराज जोशी, डा. सावित्रि थापा गुरुङ्गले विकास निर्माण कार्यमा हाल भईरहेको अनियमितताका उजुरीहरूको बारेमा चिन्ता व्यक्त गर्दै विभागीय प्रमुखहरूको ध्यानाकर्षण गर्नु भएको थियो ।



उक्त बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री राजन खनालज्यूले आयोगको अपेक्षाका बारेमा आफ्नो धारणा स्पष्ट पार्नु भएको थियो भने विभिन्न मंत्रालयका सचिवज्यूहरूले आ-आफ्ना विचारहरू व्यक्त गर्नु भएको थियो । उक्त छलफल कार्यक्रममा अर्थ मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पुर्वाधार तथा यातायात मंत्रालय, संघीय मामिला तथा स्थानीय विकास मंत्रालय, सहरी विकास मंत्रालय, आदि मंत्रालयहरूका सचिवज्यूहरूको सहभागिता रहेको थियो ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता